# विवरण र कर दाखिला गर्ने सम्बन्धमा आन्तरिक राजस्व विभागको जरुरी सूचना

दर्ता भएका करदाताहरुले प्रत्येक आय वर्षको आय विवरण असोज मसान्त(म्याद थप गराएकोमा पुस मसान्त) भित्र दाखिला गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ। कतिपय करदाताहरुले कारोबार गरी मूल्य अभिवृद्धि करको विवरण दाखिला गरेको, भन्सार तथ्याङ्क(आशिकुडा)अनुसार आयात निर्यात गरेको एवं त्यस्ता करदाताको नाममा अग्रिम कर कट्टी भएको लगायत विभिन्न माध्यमबाट प्राप्त सूचना अनुसार सो आय वर्षमा कर लाग्ने कारोबार गरेको देखिएको तर हालसम्म विवरण र कर दाखिला गरेको नपाईएकोले आ.व. २०७८/७९ सम्मको विवरण र कर अविलम्ब दाखिला गर्नु भई आफ्नो कर दायित्व फरफारक गर्नु हुन अनुरोध छ। विवरण र कर दायित्व फरफारक नगर्ने करदाताहरुको छानवीन तथा अनुसन्धान गरी प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा समेत अनुरोध छ।